मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामनगर,मिर्चैया,सिरहा
मधेश प्रदेश

**मिति २०७४ साल जेष्ठ २० गते बसेको १३ औ नगर कार्यपालिका बैठकका प्रस्तावहरु तथा निर्णयहरुः**

मिति २०७४ साल जेष्ठ २० गतेका दिन नगरप्रमुख श्री श्रवण कुमार यादव ज्यूको अध्यक्षतामा एवं कार्यपालिका सदस्यहरुको उपस्थितिमा देहायको बिषयहरु माथि छलफल तथा निर्णय गरि बैठक सम्पन्न गरियो ।

<u>उपस्थितिः-</u>

१.नगर प्रमुख श्री अवण कुमार यादव -अध्यक्ष

२. नगर उप-प्रमुख श्री जिबछि देबी साह -सदस्य

३.वडा अध्यक्ष-१ श्री घनिकलाल यादव -सदस्य

४. वडा अध्यक्ष-२ श्री लक्ष्मेश्वर कापर -सदस्य

५. वडा अध्यक्ष-३ श्री हरिनारायण यादव -सदस्य

६. वडा अध्यक्ष-४ श्री दिनेश कुमार यादव -सदस्य

७. वडा अध्यक्ष-५ श्री धीरेन्द्र कुमार साह -सदस्य

८. वडा अध्यक्ष-६ श्री देवकृष्ण साह -सदस्य

९. वडा अध्यक्ष-७ श्री राम कुमार यादब -सदस्य

१०. वडा अध्यक्ष-८ श्री रामजगत यादव -सदस्य

११. वडा अध्यक्ष-९ श्री श्री मोहन प्रसाद पोखरेल -सदस्य

१२. वडा अध्यक्ष-१० श्री रामचन्द मन्डल -सदस्य

१३. वडा अध्यक्ष-११ श्री कृष्ण कुमार हजाम -सदस्य

१४. वडा अध्यक्ष-१२ श्री तपेश्वर यादव -सदस्य

१५. कार्यपालिका सदस्य श्री भगिरथ साह -सदस्य

१६. कार्यपालिका सदस्य श्री विजय कुमार साह -सदस्य

१७. कार्यपालिका सदस्य श्री  निलम कुमारी हाथि  -सदस्य

१८. कार्यपालिका सदस्य श्री  कुश्मा देवी साफी  -सदस्य

१९. कार्यपालिका सदस्य श्री  रेखा कुमारी  -सदस्य

२०. कार्यपालिका सदस्य श्री बिनु कुमारी राम  -सदस्य

२१. कार्यपालिका सदस्य श्री  सुजी देवी सदा  -सदस्य

२२. कार्यपालिका सदस्य श्री  उमेश सिंह  -सदस्य

२३.प्र.प्र. अधिकृत श्री राजेन्द्र प्रसाद पौडेल  -सचिब

**प्रस्ताव न.१.स्थानीय तहको वित्तीय ब्यबस्था तथा आर्थिक कार्य प्रणाली वारें।**

**निर्णय**

मिर्चैया न.पा को वित्तिय व्यवस्था तथा आर्थिक कार्य  प्रणालीलाई ब्यबस्थित अनुमानयोग्य र भरपर्दो बनाउनको लागी त्रिभूवन विश्व विद्यालयबाट कन्सल्टेन्टको रुपमा आउनु भएका श्री तारा मुसाल सरवाट प्रस्तुत भएको राजस्व सम्भाव्यता सम्बन्धि अन्तरक्रिया र छलफल अत्यन्त उपयोगी र समय सान्दर्भिक देखिदा यस नगरपालिकाले लगाउन सक्ने करका दरहरु र प्राप्त गर्न सक्ने राजस्वका श्रोतहरुको पहिचान र बर्गिकरण गरि प्रतिबेदन तयार गर्न लगाउने निर्णय गरियो ।

**प्रस्ताव न २.स्थानिय तहले लगाउन सक्ने करका दरहरु र प्राप्त गर्न सक्ने राजश्व का श्रोतको पहिचान गर्ने सम्बन्धमा ।**

**निर्णय**

यस नगरपालिकाले लगाउन सक्ने करका दरहरु के के हुने  र कसरि कर लगाउने साथै नगरपालिकालाई प्राप्त हुने राजस्वको श्रोतहरु के के हुने सो सम्वन्धमा पहिचान गरी नगरपालिकाको आन्तरीक श्रोत वृद्धि गर्ने निर्णय गरियो ।